# आर्थिक वर्ष २०८०/०८१ को
# विनियोजन विधेयक

## बारपाक सुलिकोट गाउँपालिका
## गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८०

बारपाक सुलिकोट गाउँपालिका विनियोजन ऐन, २०८०

बारपाक सुलिकोट गाउँपालिका गाउँसभाको बैठकमा मिति २०८०/०३/१०
गते आईतबार गाउँपालिका उपाध्यक्ष श्री सनमाया गुरुङ्ग ज्युले प्रस्तुत
गर्नुभएको

# आर्थिक वर्ष २०८०/०८१ को
# विनियोजन विधेयक

## बारपाक सुलिकोट गाउँपालिका
## गोरखा
गण्डकी प्रदेश, नेपाल

**बारपाक सुलिकोट गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**ताकुकोट, गोरखा**
**विनियोजन ऐन, २०८०**

**प्रस्तावना:** बारपाक सुलिकोट गाँउपालिका, गोरखाको आ.व. २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बारपाक सुलिकोट गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

**(क)** यस विधेयकको नाम **"बारपाक सुलिकोट गाउँपालिकाको विनियोजन विधेयक, २०८०"** रहेको छ।

**(ख)** यो विधेयक २०८० श्रावण १ गते बाट प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(क)आर्थिक वर्ष २०८०/८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको रकम समेत गरी जम्मा रकम रु ६२,६४,६९,७००.०० अक्षरुपी (बैसठ्ठी करोड चौसठ्ठी लाख उनन्सत्तरी हजार सात सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन:**

(क) यस विधेयक द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त बारपाक सुलिकोट गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ। यस ऐन द्वारा संचित कोषबाट खर्च गर्न प्रक्षेपित आयको विवरण अनुसुचि १ र खर्च गर्न दिइएको रकमको विवरण अनुसुचि २ मा राखिएको छ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाल गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट कम हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको

जम्मा रकमको २५ प्रतिशत मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरु बाट अर्को एक वा एकभन्दा बढी शिर्षकमा रकम सार्न तथा निकास र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च तर्फ विनियोजन रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ बमोजिम हुनेछ।

(ग)उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक भन्दा बढी शिर्षकहरुमा सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ।

## अनुसूचि - १
## दफा ३(क) सँग सम्बन्धित
## प्रक्षेपित आयको विवरण

| | शिर्षक | आ.व २०८०/०८१ को अनुमान |
|---|---|---|
| | आय | ६२,६४,६९,७०० |
| १ | आन्तरिक आय | १,०१,००,००० |
| १.१ | भुमिकर/मालपोत | १४,६३,००० |
| १.२ | घर बहाल कर | ७,००,००० |
| १.३ | व्यक्तिगत घटना दर्ता दस्तुर | २,१०,००० |
| १.४ | अन्य प्रशासनिक शुल्क | ३,७८,००० |
| १.५ | धरौटी सदरस्याहा | ३,५०,००० |
| १.६ | नक्सापास दस्तुर | २,५०,००० |
| १.७ | सिफारिस दस्तुर | २६,५१,००० |
| १.८ | नाता प्रमाणित अन्य-१।५ | २,००,००० |
| १.९ | व्यवसाय कर | १२,००,००० |

| | | |
|---|---|---|
| १.१० | अन्य दस्तुर | १६,९८,००० |
| १.११ | अन्य क्षेत्रको आय | ८,००,००० |
| १.१२ | बेरुजु असुल | २,००,००० |
| २ | संघीय सरकारबाट प्राप्त | ४०,५९,००,००० |
| २.१ | समानिकरण अनुदान | १३,२०,००,००० |
| २.२ | शसर्त अनुदान | २५,५९,००,००० |
| २.३ | समपुरक अनुदान | ८०,००,००० |
| २.४ | विशेष अनुदान | १,००,००,००० |
| ३ | प्रदेश सरकारबाट प्राप्त | ३,०८,०६,००० |
| ३.१ | समानिकरण अनुदान | १,८८,०६,००० |
| ३.२ | शसर्त अनुदान | ० |
| ३.३ | समपुरक अनुदान | ८०,००,००० |
| ३.४ | विशेष अनुदान | ४०,००,००० |
| ४ | राजश्व बाडँफाड | १०,७१,६३,००० |
| ५ | बैकं .अल्या | ७,२५,००,००० |

**अनुसूचि - २**
**दफा ३(क) सँग सम्बन्धित**
**व्ययको विवरण**

| क्र.सं | शिर्षक | आ.व २०८०/०८१ को अनुमान |
|---|---|---|
| १ | प्रशासनिक खर्च तथा पारिश्रमिक | १३,९८,००,००० |
| २ | संघीय सरकार (समपुरक अनुदान) | १,६०,००,००० |

| | | |
|---|---|---|
| ३ | संघीय सरकार (सशर्त अनुदान) | २५,५९,००,००० |
| ४ | संघीय सरकार( विशेष अनुदान) | १,००,००,००० |
| ५ | प्रदेश सरकार (समपुरक अनुदान) | १,३५,००,००० |
| ६ | प्रदेश सरकार( विशेष अनुदान) | ४०,००,००० |
| ७ | १-८ वडाको लागि बजेट | ४,२०,००,००० |
| ८ | सडक | ४,१२,६९,७०० |
| ९ | अध्यक्ष सँग गरिविनिवारण कार्यक्रम | ५०,००,००० |
| १० | सामुदायिक भवन | ३०,००,००० |
| ११ | उर्जा | २०,००,००० |
| १२ | सिंचाई | ३५,००,००० |
| १३ | संचार तथा सूचना प्रविधि | १०,००,००० |
| १४ | पर्यटन | ७०,००,००० |
| १५ | सहकारी तथा वित्तीय क्षेत्र | १०,००,००० |
| १६ | खानेपानी तथा सरसफाई | ४०,००,००० |
| १७ | विपद व्यवस्थापन | ४०,००,००० |
| १८ | वन, वातावरण तथा भु-संरक्षण | ४०,००,००० |
| १९ | न्यायिक समिति | १०,००,००० |
| २० | सुशासन तथा संस्थागत विकास | १५,००,००० |
| २१ | शिक्षा | २,५०,००,००० |
| २२ | युवा तथा खेलकुद | ४०,००,००० |
| २३ | स्वास्थ्य | १,३०,००,००० |
| २४ | सामाजिक समावेशीकरण | ३०,००,००० |
| २५ | कृषि तथा पशु सेवा | १,७०,००,००० |

| | | |
|---|---|---|
| २६ | सवारी साधन | ५,००,००० |
| २७ | मेसिनरी तथा औजार | १५,००,००० |
| २८ | जग्गा खरिद | ३०,००,००० |
| | | ६२,६४,६९,७०० |